# प्रेस विज्ञप्ति

मिति २०८३।०१।०९ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको परिसरमा स्थानिय केही यूवा र प्रतिष्ठानका चिकित्सक कर्मचारीहरु विच भएको विवाद आपसी समझदारीमा टुङ्गिएको छ । विवादमा संलग्न यूवा उपेन्द्र बुढथापा लगाएतको टोलीले आफुहरुले गलत मनसायले घटना नघटाएको तर त्यसले उब्जाएको नकारात्मक सन्देशले स्वास्थ्य कर्मिहरुमा पर्न गएको त्रासको विषयमा आफुहरु क्षमा प्रार्थि रहेको स्वीकार गरेपछि विवाद टुङ्गिएको हो । सो छलफलको सहजिकरण प्रतिष्ठानका उपकुलपति डा.पूजन कुमार रोकाया र रजिष्ट्रार लक्ष्मिचन्द्र महतले गर्नु भएको थियो । प्रतिष्ठानका तर्फवाट उपकुलपति र रजिष्ट्रार द्वयले सम्पुर्ण स्वास्थ्य कर्मिहरुको सुरक्षा र कार्यवातावरण सुदृण गर्ने कुरामा प्रतिवद्धता जाहेर गर्नुभएको थियो । संलग्न युवा टोलीको तर्फवाट उपेन्द्र बुढथापाले अव उपरान्त यस्ता घटनाहरु घट्न नदिने र स्वास्थ्य कर्मिको सुरक्षाको लागी आफु पनि सहयोग गर्ने प्रतिबद्धता जनाउनु भयो । छलफलमा प्रतिष्ठानका विभिन्न विभागका विभागिय प्रमुख र शाखा प्रमुख हरुले आ–आफ्ना धारणा र चिन्ता व्यक्त गर्दै भविष्यमा यस्ता घटना दोहोरिन नदिन सबैले सकारात्मक पहल गर्न अनुरोध गर्नु भयो । छलफल कार्यक्रममा प्रतिष्ठानका डिन डा. प्रेणीत पोखरेल र कार्यकारी परिषदका सदस्य विवेक पुन मगरको समेत सहभागीता थियो ।

रजिष्ट्रारको कार्यालय
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला
२०८३।०१।१०

